आज मिति २०८३ ०२ १४ गतेका दिन यस नार्पाभूमि गाउँपालिकाका अध्यक्ष **श्री कोन्जो तेन्जीङ लामा** ज्यूको अध्यक्षतामा यस नार्पा भूमि गाउँपालिकाको सम्मानित १९ औं गाउँसभाको बसेको बैठकले तपसिल बमोजिमका उपस्थितिमा निम्न प्रस्ताव माथि छलफलद्वारा निम्न निर्णय गरि सम्मानित १९ औ गाउँ सभा (संशोधित) सु-सम्पन्न भयो ।

तपसील :

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री मेडमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री सोनम तेजे लामा | वडा अध्यक्ष वडा नं ०५ | |
| ४. | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं ०४ | |
| ५. | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं ०३ | |
| ६. | श्री फुन्चोक वाङगेल लामा | वडा अध्यक्ष वडा नं ०२ | |
| ७. | श्री फुर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं ०१ | |
| ८. | श्री डोल्मा छिरिङ लामा | गाँउ कार्यपालिका सदस्य | |
| ९. | श्री फुपा याङजेन लामा | गाँउ कार्यपालिका सदस्य | |
| १०. | श्री लाक्पा वुटी लामा | गाँउ कार्यपालिका सदस्य | |
| ११. | श्री छिउदा गुरुङ | गाँउ कार्यपालिका सदस्य | |
| १२. | श्री नाङसाङ वुटी घले | गाँउ कार्यपालिका सदस्य | |
| १३. | श्री पासाङ ढण्डी घले | गाँउ कार्यपालिका सदस्य | |
| १४. | श्री संगी फुर्पा लामा | वडा सदस्य ,वडा नं.१ | |
| १५. | श्री खम्सुङ डिमा लामा | वडा सदस्य ,वडा नं.१ | |
| १६. | श्री डोल्मा छिरिङ लामा | वडा सदस्य,वडा नं.२ | |
| १७. | श्री फुपा याङजेन लामा | वडा सदस्य,वडा नं.३ | |
| १८. | श्री छ्यो सोनाम लामा | वडा सदस्य,वडा नं.३ | |
| १९. | श्री कर्मा तेन्जिङ लामा | वडा सदस्य,वडा नं.४ | |
| २०. | श्री पेमा धोर्जे लामा | वडा सदस्य, वडा नं.४ | |
| २१. | श्री रिन्जेन ढोल्मा लामा | वडा सदस्य, वडा नं.४ | |
| २२. | श्री कर्मा धोर्जे लामा | वडा सदस्य, वडा नं.५ | |
| २३. | श्री कर्मा झयाम्याङ लामा | वडा सदस्य, वडा नं.५ | |
| २४. | श्री डोल्मा छेन्चोम लामा | वडा सदस्य, वडा नं.५ | |
| २५. | श्री लक्ष्मण गौली | सभा-सचिव | |

अन्य उपस्थितिः

| क्र.स. | नाम/थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २६ | श्री रुपा वली के.सी | लेखापाल | | |

र फागुन १५ गते शुक्रबारका दिन
क्ष, श्री कोन्जो तेन्जीङ लामा
पहरु तपसिल बमोजिम रहयो ।

नाम
न्जो तेन्जीङ लामा
मर फुन्चो लामा
ाम तेजे लामा
ठेले लामा
ोक वाङगे लामा
ा छेवाङ लामा
ग्यान्जे लामा
छिरिङ लामा
याङजेन लामा
वुटि लामा
गुरुङ
वुटी घले
ढण्डी घले
म्साल

अन्य उप

ली
रा
टा

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २७. | श्री चेत राज भट्ट जैसी | सव-ईन्जिनियर | | |
| २८. | श्री नरेन्द्र साह रौनियार | वडा सचिव,२ नं. वडा कार्यालय | न.प्र.स | |
| २९. | श्री तेज प्रसाद शर्मा | अ.हे.व | | |
| ३०. | श्री मिम बहादुर सहकारी | खा.पा.म.टे. | खा.पा.ए२ | |
| ३१. | श्री श्रद्धा शाही | अ.स-ईन्जिनियर | | |
| ३२. | श्री नजित रावल | अ.स-ईन्जिनियर | | |
| ३३. | श्री सुमन तामाङ | अ.हे.व | | |
| ३४. | श्री बिवेक देवकोटा | वडा सचिव ४ नं. वडा कार्यालय | | |
| ३५. | श्री हरिहर खड्का | सव-ईन्जिनियर | | |
| ३६. | श्री महेन्द्र साउँद | अ.स-ईन्जिनियर | | |
| ३७. | श्री ललित वि.क. | श्री नेपाल बैंक लि.,च्यौंखु शाखा | | |
| ३८. | श्री गोविन्द देवकोटा | अ.हे.व | | |
| ३९. | श्री निर्मला खड्का | अ.न.मी. | | |
| ४०. | श्री रन्जना चनारा | उद्यम विकास सहजकर्ता | | |
| ४१. | श्री अर्जुन शाही | का.स., ४ नं. वडा कार्यालय | | |
| ४२. | श्री खेमराज पाण्डे | व.प्र.ह.,नेपाल प्रहरी | | |
| ४३. | श्री जायश्वर गोतामे | प्र.ह., नेपाल प्रहरी | | |
| ४४ | श्री सुन्दर परियार | प्र.ज. नेपाल प्रहरी | | |
| ४५ | श्री समिर थारु | प्र.ह. नेपाल प्रहरी | | |
| ४६. | श्री पृथ्वी वहादुर शाही | का.स. २ नं. वडा कार्यालय | | |
| ४७. | श्री छविलाल खत्री | का.स. | | |
| ४८. | श्री गणेश पुन | का.स. | | |
| ४९. | श्री दिपेन्द्र शाही | वडा सचिव, ५ नं. वडा कार्यालय | | |

**प्रस्तावहरु :**

प्रस्ताव नं.१ : १९ औं गाउँसभा सञ्चालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.२ : आ.व. २०८२/०८३ को बजेट संशोधन गर्ने सम्वन्धमा ।

## प्रस्ताव एवं निर्णयहरु

**प्रस्ताव नं. १**

आ.व. ०८२/०८३ को बजेट संशोधन सम्बन्धमा ।

**निर्णय नं. १**

प्रश्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको १८ औ गाउँसभाबाट पारित आ.व. ०८२/०८३ को बजेट उपर दफावार छलफल गर्दा तपसिल बमोजिम बजेट शिर्षकहरुलाई देहाय बमोजिम संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

**क) चालु तथा पूँजीगत खर्च तर्फ**

| क्र.स. | बजेट शिर्षक तर्फ | विनियोजित बजेट रु | संशोधनमा थप रु. | संशोधनमा घट रु. | कायम कुल बजेट रु | स्रोत/कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सञ्चार | ५०००००। | ५००००। | - | ५५००००। | |
| २ | अन्य भाडा | ८०००००। | ७०००००। | - | १५००००० । | |
| ३. | पदाधिकारी वैठक भत्ता | २,००,०००।०० | २,००,०००।०० | - | २,००,०००।०० | |
| ४. | निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च | २०,००,०००।०० | - | १०,००,०००।०० | १०,००,०००।०० | |
| ६. | पत्रपत्रिका छपाईं तथा सूचना प्रकाशन खर्च | ११,५०,०००।०० | २,००,०००।०० | - | १३,५०,०००।०० | |
| ७. | नार्पा भाषा संस्कृति र ललितकला संरक्षण कोष | २५,००,०००।०० | - | २०,००,०००।०० | ५,००,०००।०० | |

अध्यक्ष

| क्र.स. | बजेट शिर्षक तर्फ | विनियोजित बजेट रु | संशोधनमा थप रु. | संशोधनमा घट रु. | कायम कुल बजेट रु | स्रोत/कैफियत |
|---|---|---|---|---|---|---|
| | पुजिगत तर्फ | | | | | |
| ८ | नारफु सडक निर्माण तथा स्तरोन्नती | ९९,००,०००।०० | - | ३६६५०००।०० | ६२३५०००।०० | |
| ९ | वडा नं.४ मा खेलमैदान | ८,००,०००।०० | २,००,०००।०० | - | १००००००।०० | |
| १०. | धुर घयूड रिटेनिङ वाल निर्माण | १०,००,०००।०० | २,५०,०००।०० | - | १२,५०,०००।०० | |
| ११. | सत्ते गुम्बामा कोठा निर्माण | २०,००,०००।०० | ५,००,०००।०० | - | २५,००,०००।०० | |
| १२. | मण्डला रङ्गशाला मर्मत सम्भार | २,००,०००।०० | ५०,०००।०० | - | २,५०,०००।०० | |
| १३. | होडपारुउ ध्यान केन्द्र | १५,००,०००।०० | ३,७५,०००।०० | - | १८,७५,०००।०० | |
| १४. | The Highest view point park निर्माण | १२,००,०००।०० | ३,००,०००।०० | - | १५,००,०००।०० | The Highest point park निर्माण कायम गर्ने |
| १५ | मेता देखि धरमशालासम्म बाटो निर्माण | १०,००,०००।०० | २,५०,०००।०० | - | १२,५०,०००।०० | |
| १६. | मेतामा गुम्बा निर्माण | २०,००,०००।०० | ५,००,०००।०० | - | २५,००,०००।०० | |

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

CamScanner

| क्र.स. | बजेट शिर्षक तर्फ | विनियोजित बजेट रु | संशोधनमा थप रु. | संशोधनमा घट रु. | कायम कुल बजेट रु | स्रोत/कैफियत |
|---|---|---|---|---|---|---|
| १७. | घुम्चुङधाङ खानेपानी निर्माण | १५,००,०००।०० | ३,७५,०००।०० | - | १८,७५,०००।०० | |
| १८. | वागल पिकनिक स्पोर्टस भान्सा तथा Toilet निर्माण | ३०,००,०००।०० | ६,००,०००।०० | - | ३६,००,०००।०० | |
| १९. | चिरफे जाने बाटोमा सिडि र रेलिङ निर्माण | २०,००,०००।०० | ५,००,०००।०० | - | २५,००,०००।०० | |
| २०. | टासिलाकाङ गुम्वा मर्मत तथा निर्माण | ६०,००,०००।०० | १०,००,०००।०० | - | ७०,००,०००।०० | |
| २१. | वडास्तरीय फुटवल प्रतियोगिता | ८,००,०००।०० | १,००,०००।०० | - | ९,००,०००।०० | |
| २२. | नार आधारभूत पर्खाल तथा तारजाली निर्माण | | | | | नार आधारभूत विध्यालय पर्खाल तथा तारजाली निर्माण शीर्षक कायम |
| नयाँ शिर्षकहरु | | | | | | |
| २२. | प्राचिन टासिलाकाङ गुम्वा जाने पदमार्ग निर्माण | - | ३,३५,०००।०० | - | ३,३५,०००।०० | |
| २३. | प्रारम्भिक बाल विकास | - | १,८०,०००।०० | - | १,८०,०००।०० | |

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

| क.स. | बजेट शिर्षक तर्फ | विनियोजित बजेट रु | संशोधनमा थप रु. | संशोधनमा घट रु | कायम कुल बजेट रु | स्रोत/कैफियत |
|---|---|---|---|---|---|---|
| | शिक्षकको तलब | | | | | |
| जम्मा : | | | ६६६५०००। | ६६६५०००। | | |

**प्रस्ताव नं. २ :** खर्च समर्थन सम्बन्धमा ।

**निर्णय नं. २**

प्रश्ताव नं. २ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२।०८३ को तेस्रो त्रैमासिक सम्मको खर्च समर्थन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. ३**

प्रश्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३।२।१३ गतेको लेखा समिति र कार्यपालिकाको निर्णय र प्रश्ताव अनुसार आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनमा औंलाएका देहायका अनियमित बेरुजुहरु नियमित गरी फछ्यौंट गर्ने तथा अनुमोदनका लागि गर्ने निर्णय गरियो।

क)

| आ.व. | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | १८ | १७१०००।०० | फरक शीर्षक पारि खरिद भएको । |

**खर्च नियमितको पुष्टयाईः**

आ.व. २०८१।८२ मा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शीर्षकमा शसर्त बजेट प्राप्त भएको । सो शीर्षकवाट औषधी लगायत steel cupboard, weight machine र auto clave machine समेत खरिद भएको । शसर्त अनुदान कार्यविधी अनुसार रित नपुगेको भएता पनि सो सामाग्रीहरु औषधी जस्तै स्वास्थ्य संस्थामा मात्र प्रयोग आउने र बिरामीसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएको हुँदा औषधी उपचार गर्ने क्रममा प्रयोग भएका सामानहरुलाई निर्मलिकरण गर्नको लागि auto clave machine आवश्यक भएको, बिरामीको तौल नाप्न तथा खरिद भएका औषधीहरुको व्यवस्थित रुपमा भण्डारणको लागि दराज (steel cupboard) अति आवश्यक भएको हुँदा आन्तरिक स्रोत समेत

न्यून रहेकोले उक्त सामाग्रीहरु खरिद गर्नै पर्ने अवस्थामा आन्तरिक स्रोतमा परेको चापले खरिद भएको । *उक्त सामनको खरिद गर्दा नियमानुसार खरिद आदेश तथा जिन्सी दाखिला समेत भएको हुँदा सो सामानको खरिद, खर्च र उपयोगितमा कुनै शंसय नरहेको* र आगामी दिनहरुमा यस्तो अवस्था आउन नदिन बजेट तर्जुमा प्रक्रियामा विशेष ध्यान दिइने कुरामा पूर्ण सजग र खर्चको मितव्ययी र प्रभावकारितामा जोड दिनेछौं । यस कारण आगामि दिनमा कानून कार्यविधिको अक्षरंश पालना गर्न प्रतिवद्ध रहि यो खर्च नियमित गर्न मनासिब देखिएको ।

**ख)**

| आ.व. | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | ३४.१ क | ६३१९०९०।०० | स्वीकृत कार्यक्रम विपरित खर्च । |

**खर्च नियमितको पुष्टयाईः**

आर्थिक वर्ष २०८१/८२ को नीत, बजेट तथा कार्यक्रमको संकेत नं. ५२८.२१.१.२२७ संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) पुँजीगतमा वागल खोलामा RCC तटवन्ध निर्माण कार्यक्रमको लागि १,१५,००,०००।०० विनियोजन भएकोमा यस पालिकाले वागल खोलामा PCC तटवन्ध निर्माण कार्य गरेको छ । वागल खोलाले गाँउ बस्ति नै धराप हुने गरी धैरै नदि कटान गरेको अवस्थामा जति सक्दो छिटो तटवन्ध लगाउनु पर्ने अति आवश्यक रहेको । RCC तटवन्ध निर्माण गर्दा छडहरु ढुवानि गरि लैजानु पर्ने, *हेलीमा लिफ्टिङ गरी ढुवानी गरी लैजान बजेटको सिमितताको कारण* छड ढुवानी गर्दा बङ्गाएर खच्चरमा लैजानुको विकल्प नभएको र छड वङ्ग्याएर लगेको छड पुनः सोझो बनाउँदा छडको आयुमा ह्रास आउने र ज्याला समेत बढी लाग्ने हुँदा उल्लेखीत बजेटसिमा रकमवाट खोलामा लामो तथा धेरै संरचना बनाउन नसकिने हुँदा *स्थानीय आवश्यकतालाई तत्काल सम्बोधन गर्नु पर्ने अन्यथा यसको क्षति भयंकर हुने हुँदा क्षतिलाई न्यूनिकरण गर्न PCC तटबन्ध लगाइएको हो ।* तथापी उक्त कार्य विशेष अनुदान कार्यविधि अनुरुप रित नपुगेको देखिएता पनि जनताको हित विपरित भएको छैन । उक्त कार्यवाट धेरै घरधुरि लाभान्वित भएका छन् र यसको खर्चको प्रभावकारितामा कुनै संका देखिने अवस्था रहेको छैन । वडा स्तरीय तथा पालिका स्तरीय दुवै अनुगमन समितिवाट अनुगमन गराई उक्त कार्य पूर्ण रुपमा सन्तोषजनक रहेको देखिँ भुक्तानी गरिएको कुरामा कुनै कमजोरी रहेको छैन । वास्तवमा संघीयताको सुन्दर विशेषता नै स्थानीयको माग र आवशकता सम्वोधन गर्नु हो सोहि बमोजिम वित्तीय संघीयताको मर्म विपरित नहुने गरि *स्थानीय तहका विशेष समस्या र अवस्थाका कारण बिशेष खालको* कार्य सम्पादन भएको हुँदा र आगामी

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

दिनहरूमा कार्यक्रम विपरित हुने गरी यस्ता कार्य नगर्ने नगराउने प्रतिवद्दता सहित यो खर्चलाई नियमित गर्न आवश्यक देखिन्छ ।

ग)

| आ.व. | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | ३६ | ५७६२३।०० | एउटै कार्यमा दोहोरो नर्म्स प्रयोग भएको |
| २०८१।८२ | ३७ | १०८१८१।०० | |

**खर्च नियमितको पुष्टयाईः**

तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण कार्यको लागी पालिका र तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण उपभोक्ता समिति वीच रु १०,५६,६९८।५० को लागत अनुमानमा र झुनाम देखी च्याँखु जाने बाटो निर्माण कार्यको लागि पालिका र झुनाम देखी च्याँखु जाने बाटो निर्माण उपभोक्ता समिति विच रु १०५६३३९।३९ को लागत अनुमानमा कार्य सम्पादन सम्झौता भएको । यस निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा बाटो खन्ने कार्यको लागि सडक विभागको नर्म्स प्रयोग गरिएको छ भने Dry Stone Masonry कार्यको लागि शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग भएको छ *। निर्णय निर्माणमा विगतमा गरिएका प्रशासनिक अभ्यासलाई समेत आधार लिइने हाम्रो प्रशासनिक परिपाटीलाई अङ्गाल्दा अगाडीको समयमा जुनसुकै नर्म्स प्रयोग गरेता पनि त्यस्तो कार्यलाई समर्थन गरिने परिपाटी अनुसार दुई वटा फरक फरक सडक र भवन निर्माणको नर्म्सको प्रयोग हुन पुगेको हो । यस कार्यमा Ignorance of Law भन्दा पनि Mistake of Facts को कारण दोहोरो नर्म्स प्रयोग भएको हो ।* उपभोक्ता समितिवाट कार्य गराउँदा उपभोक्ता समितिले अनिवार्य रुपमा लागत अनुमानको १०% योगदान गर्नुपर्ने कानूनी व्यवस्थाको आधारमा सो वरावरको रकम समेत कट्टा गरि भुक्तानी गरिएको छ । दोहोरो नर्म्सको प्रयोगवाट वढी आर्थिक भार भएको सत्यतालाई कानुनसम्मत स्कीकार गर्दै यस्ता कार्यलाई आगामि दिनहरुमा पुर्ण रुपमा बन्देज गरी मितव्ययी हुने गरि नर्म्स प्रयोगमा एकरुपता कायम हुने गरि कार्यक्रम सञ्चालन गर्ने गराउने प्रतिवद्दता सहित उक्त कार्यको गुणस्तर र प्रभावकारितामा कुनै संका नभएको हुँदा यस खर्चलाई नियमित गर्न मनासित्र देखीन्छ ।

**प्रस्ताव नं. ४**

ईलेक्ट्रिकल सव- ईन्जिनियर करार सेवामा भर्ना गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४**

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

प्रश्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका अत्यन्तै दुर्गम स्थानमा रहेकोले गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक निकायहरूमा विधुत जडान सम्बन्धी समस्याहरू आईपर्दा स्थानीय स्तरमा दक्ष जनशक्ति समेत उपलब्ध हुन नसक्ने र बाह्य जिल्लाहरूबाट जनशक्ति प्राप्त गर्न निकै गाह्रो भएकोले कार्यालयहरुको काममा समेत बारम्बार अवरोध हुँदा नियमित काम हुन नसकेको यस विषम परिस्थितिलाई मध्यनजर गर्दै आगामी दिनमा हुने O&M वाट स्विकृत गर्ने गरी तत्काल समस्या समाधानको लागी यस गाउँपालिकाको मौजुदा दरबन्दी तेरिज अनुसार पालिका अन्तर्गतको ईन्जिनियर सेवा, सिभिल समूहको दरबन्दी १ मा ईन्जिनियर सेवा, ईलेक्ट्रिक समूहको पाँचौ तहमा करार सेवामा कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५** करार सेवामा अ.हे.ब. भर्ना गर्ने सम्बन्धमा।

**निर्णय नं. ५**

प्रश्ताव नं. ५ माथी छलफल गर्दा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालनको लागी आवश्यक स्वास्थ्यकर्मी ३ जना अ.हे.व. १ वर्ष करार सेवामा भर्ना गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाको मिति २०८३।११।१५ गते बैठकको निर्णयलाई अनुमोदन गर्दै मिति २०८२।१२।०२ गते आह्वान गरिएको बिज्ञापन अनुसार भर्ना प्रकृयालाई अगाडी बढाउने र आगामी दिनमा हुने यस कार्यालयको O&M वाट दरवन्दी स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.६** औषधि खरिद गर्ने सम्बन्धमा।

**निर्णय नं. ६**

प्रश्ताव नं. ६ माथी छलफल गर्दा यस पालिकाभित्र कुनै पनि प्राईभेट क्लिनिक तथा अस्पताल नभएको साथै सरकारी अस्पताल समेत नरहेको हुँदा उचाईको कारण विभिन्न शारिरिक समस्याहरू आउने तथा यस पालिका भित्र बाह्य कामदारहरुको संख्या उच्च रहेको हुँदा कार्यस्थलमा हुन सक्ने स्वास्थ्य जोखिमलाई समेत मध्यनजर गरी नेपाल सरकारले तोकेको निशुल्क पाउने ९८ प्रकारका औषधिहरूबाहेक देहायका औषधिहरू खरिद गर्ने निर्णय गरियो ।

**देहाय**

1) Sinex- 5000 strip
2) Tab Pantaprazole-7000 tab
3) Inj. Pantaprazole-40 vial
4) Tab Acetazolamide-3000 tab
5) Syrup Ascoril-D- 500 bottle
6) Syrup. Vitamin B complex -100 bottle
7) Diclofenac Gel-250
8) Crepe Bandage-150 piece
9) handsplast-10 box
10) Surgical Mask-1500 piece
11) Inj. tranexamic acid-30 Ample
12) Inj. Frusemide-30 Ample

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

CamScanner

13) Inj. Fevastin-15
14) Ointment ketoconazole-150 tube

कान्जी. टेनजीङ लामा
अध्यक्ष

CamScanner